# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल ।

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

सूचना नं.: २०७९/०८०/५४...

**कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !**

प्रथम पटक प्रकाशित मिति २०७९/०७/१६

भुमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पशुसेवा केन्द्रको आ.व.२०७९/७८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम सञ्चालनका लागि भूमे गाउँपालिका अन्तर्गत रहेका कृषक समूह/समिति/ कृषि सहकारी संस्था/ फर्म /कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र तोकिएको ढाँचामा विस्तृत कार्ययोजना तथा देहायका कागजातहरु सहित माग गर्न यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद सकिएपछि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने ब्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रमको नाम | संख्या | न्यूनतम शर्त/ मापदण्डहरु |
|---|---|---|---|
| १ | व्यावसायिक बाख्रापालन फार्म सुदृढीकरण कार्यक्रम ५० % अनुदान | १० | प्रति फर्म २५ ओटा माउ बाख्रा पालन गरेको । |
| २ | बंगूरको खोर सुधार कार्यक्रम | १० | प्रति फर्म २ वा २ भन्दा धैरै माउ बंगूर पालन गरेको । |

<u>निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरुः-</u>

१) रु. १० को टिकट टाँस गरी अनुसुची-२ बमोजिमको निवेदन,
२) बिस्तृत कार्ययोजना अनुसुची-३ बमोजिम,
३) सम्बन्धित निकायमा कृषक समूह/समिति/कृषि सहकारी संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
४) सहकारी संस्थाको हकमा कृषि/पशुपालन व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी,
५) सहकारी संस्था,कृषक समूह/समितिहरु,कृषि फर्मको PAN/VAT दर्ता भए प्रमाणपत्रको प्रतिलिपी,
७) वडा कार्यालयको सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
८) कृषक समूह/समिति/सहकारी संस्थाको हकमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी बैठक बसेको निर्णयको प्रतिलिपी,
९) कृषक समूह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली ( नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित),
१०) कार्यक्रम संचालन हुने स्थान र जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (जग्गा धनी लालपुर्जा ) वा भाडाको जग्गा भएको कम्तिमा ५ वर्षको सम्झौता करारनामा,
११) अन्य शर्तहरु प्रचलित कानून अनुसार हुनेछ ।
१२) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार लागू हुने छ।

**नोटः** निवेदन र विस्तृत कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया भूमे गाउपालिकाको Website www.bhumemun.gov.np र पशु सेवा केन्द्र तथा वडा कार्यालयबाट प्रप्त गर्न सकिने छ।

......................
चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत